# बरेङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हुग्दिशिर, बागलुङ
## गण्डकी प्रदेश, नेपाल
## २०७३

पत्र संख्या : २०८२/०८३
चलानी नं. : १८

मिति: २०८२/०४/०८
ने.सं. ११४५

विषय: वार्षिक प्रगति प्रतिवेदन पठाइएको सम्बन्धमा ।

श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा यस बरेङ गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०८१-०८२ मा सम्पन्न कामको वार्षिक वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनको विवरण यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीको लागि अनुरोध छ ।

०८२।४।८

सुर्य प्रसाद शर्मा

नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश,

श्री जिल्ला प्रशासन कार्यालय,बागलुङ,

श्री प्रशासन शाखा, बरेङ गा.पा. ।

# वार्षिक प्रगति प्रतिवेदन, २०८१-०८२



तयार गर्ने

रोजगार सेवा केन्द्र

**बरेङ गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ


# रोजगार सेवा केन्द्रको वार्षिक प्रगति प्रतिवेदन,२०८१-०८२

सर्वाधिकार © बरेङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हुग्दिशिर,बागलुङ
गण्डकी प्रदेश, नेपाल
वेबसाइटः www.barengmun.gov.np
इमेलः barengrm@gmail.com
फोनः ९८५७६३२३२८

प्रकाशकः रोजगार सेवा केन्द्र
इमेलः pmep.barengmun@gmail.com
फोनः ९८५७६६०६६०, ९८५११५७११३
फेसबुकः रोजगार सेवा केन्द्र, बरेङ गाउँपालिका

प्रकाशन वर्षः २०८२ साउन ६ गते

## वरेङ गाउँपालिका‌को भौगोलिक बनावट




वरेङ गाउँपालिकाको विस्तृत विवरण :- २०७८

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | धुल्लुबाँस्कोट(१-९) | २९१४ | १४.०९ |
| २ | २ | हुग्दिशिर(१-९) | ३३९० | २१.५१ |
| ३ | ३ | बाटाकाचौर(१-९) | २६८० | १७.३४ |
| ४ | ४ | सल्यान(१-९) | ११६५ | १०.९१ |
| ५ | ५ | सुखौरा(१-९) | ९२९ | ११.३६ |
| | जम्मा | | ११११५८ | ७५.२१ |






## विषयसूची


१.पृष्ठभूमि ....................................................................................१

२.गाउँपालिकाको परिचय....................................................................२

३.रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवा...........................................२

४.स्थानीय निर्देशक समिति.................................................................३

५.स्थानीय निर्देशक समितिको बैठक......................................................३

६.अन्य अन्तर्क्रिया कार्यक्रम.................................................................३

७.शाखा अन्तर्गतका कर्मचारी विवरण...................................................४

८.उद्देश्य............................................................................................४

९.सम्पन्न भएका क्रियाकलाप.................................................................५

१०.काम गर्नुपूर्व अभिमुखीकरण कार्यक्रम फोटो.......................................६

११. रणनीति र सिप विकाससँग सम्बन्धित फोटो.......................................७

११.वडागत योजनाको विवरण.........................................................८-१६

१२.आर्थिक प्रतिवेदन..................................................................१७-१८

१३.योजनाको प्रगति विवरण.........................................................१८-१९

१४.वैदेशिक रोजगार बोर्डको सेवा सम्बन्धी विवरण.................................२०

१५.श्रम स्वीकृति सेवाको विवरण...................................................२०-२१

१६.असल अभ्यास...........................................................................२२

१७.समस्या....................................................................................२२

१८.सुझाव......................................................................................२३

## १.पृष्ठभूमिः

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ५१ (झ) मा श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था गरेको छ । सोहीका आधारमा रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८), कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९ , एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८० निर्माण भई कार्यान्वयनमा रहेको छ ।

नेपालको संविधानले प्रत्याभुत गरेको अधिकार अनुसार सबैले काम गर्न पाउने अवस्थाको सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वेदशमा नै रोजगारी अभिवृद्धि गर्ने तथा श्रम र श्रमिकलाई मर्यादित बनाउदै उनीहरुको सीप र अनुभवलाई उपयोग गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने लक्ष्य राज्यले लिएको छ ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरूको सूचना सङ्कलन, पहिचान र सूचीकरन, रोजगारीका अवसरहरूको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार बरेङ गाउँपालिकामा पनि २०७५ फागुनबाट स्थापना भएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फागुन महिनामा सूचीकृत हुनका लागि निवेदन दिनु पर्ने प्रावधान छ ।

श्रम र रोजगारी अन्तरसम्बन्धित विषय भएकाले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीको क्षेत्रमा हुने विकास लगायत काम र श्रमिकप्रतिको धारणाले यसलाई प्रत्यक्ष असर पारेको हुन्छ।श्रमिकप्रति समाजको मूल्य, धारणा तथा मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्रै आन्तरिक रोजगारीमा युवाशक्तिलाई परिचालन गर्न सहज हुने हुँदा आन्तरिक रोजगारीमा युवाशक्तिलाई परिचालन गर्नमा सहज हुने वातावरणको सृजनाका लागि **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिएको छ।रोजगार संवाद मञ्चमार्फत स्थानीय सरोकारवालाहरूसँग छलफल अन्तर्क्रिया गरिएको छ। रणनीति निर्माण गरी अध्यावधिक गरीएको छ ।हामीले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरूमा थप रोजगारीका अवसर सिर्जना गर्ने छौं।

बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ

## २.गाउँपालिकाको परिचयः

गण्डकी प्रदेश बागलुङ जिल्लाको दक्षिणमा पर्ने बरेङ गाउँपालिका साविकका धुल्लुबास्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गरि ५ गाविसलाई समावेश गरि गठन गरिएको बरेङ गाउँपालिकामा हाल जम्मा ५ वडाहरु रहेको छन् । साविकका ५ गाविसलाई नै अलग अलग ५ वडा बनाइएको । छ साविकका वडा नम्बर १ र २ को सिमानामा रहेको बरेङ बजारको नाम बाट यो गाउँपालिकाको नामकरण गरिएको हो । यो गाउँपालिका ७५.२९ वर्ग किलोमिटर क्षेत्रफल मा फैलिएको छ ।

पूर्वमा बागलुङ जिल्लाकै जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिका उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्लाको कालिगण्डकी गाउँपालिका रहेको यस बरेङ गाउँपालिकाको केन्द्र यसका ४ वडाहरु हुदै गुल्मी तर्फ बग्ने हुग्दिखोलाको किनारमा साविकका हुग्दिशिर गाविसको कार्यालय रहेको सुदला फाँटमा रहेको छ । मगर जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राहमण, क्षेत्री, थकाली तथा दलित जातिको पनि बाक्लो उपस्थिति रहेको छ ।

२०७८ को जनगणना अनुसार बरेङ गाउँपालिकाको कुल जनसंख्या १११५८ रहेको छ । कुल जनसंख्या मध्ये ६०५६ महिला र ५१०२ पुरुष रहेका छन् । २९२५ घरधुरी रहेको यस गाउँपालिकामा ७६.९ प्रतिशत साक्षरता दर( महिला ७०.१ र पुरुष ८५.२), औसत घर परिवारको आकार ३.८१ , जनघनत्व १४८, लैङ्गिक अनुपात ८४.२५ रहेको छ ।

## ३. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरू:

- ✓ बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण
- ✓ सार्वजनिक निर्माण कार्यमा रोजगारीमा खटाउने कार्य
- ✓ सिप स्थानान्तरण
- ✓ रोजगार संवाद मञ्च सञ्चालन
- ✓ श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम
- ✓ वैदेशिक रोजगार सम्बन्धी सेवा
- ✓ नयाँ र पुनः श्रम स्वीकृति सम्बन्धी सेवा
- ✓ कल्याणकारी सेवाहरूमा सहजीकरण
- ✓ रोजगार परामर्श सेवा
- ✓ रेडियोमार्फत र कार्यक्रममार्फत टोलटोलमा सूचना प्रवाह ।

बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ

## ४. स्थानीय निर्देशक समिति

स्थानीय तहको क्षेत्रभित्र रहेका बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने, स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने कार्यका लागि स्थानीय तहमा एउटा स्थानीय निर्देशक समिति रहनेछ । जसको विवरण तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | नामथर | पद | निर्देशक समिति |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद शर्मा | अध्यक्ष | अध्यक्ष |
| २ | दिलिप कुमार पुन | उपाध्यक्ष | सदस्य |
| ३ | जित बहादुर राना | प्र.प्र.अ. | सदस्य |
| ४ | नरसेङ पुन | वडा अध्यक्ष | सदस्य |
| ५ | सेर बहादुर खनाल क्षेत्री | वडा अध्यक्ष | सदस्य |
| ६ | केशवराज क्षेत्री | रोजगार संयोजक | सदस्य सचिव |

## ५.स्थानीय निर्देशक समितिको बैठक

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विभिन्न क्रियाकलापलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गर्न र नीतिगत सुझाव, परामर्श साथै निर्देशनका लागि आ.व. २०८१-०८२ मा तपसिलका मितिमा स्थानीय निर्देशक समितिको बैठक बसी विभिन्न निर्णयहरू गरिएको थियो ।

<u>तपसिल</u>

- मिति २०८१ चैत्र ३
- मिति २०८२ वैशाख २३
- मिति २०८२ वैशाख २८
- मिति २०८२ जेठ २६

## ६. अन्य अन्तर्क्रिया कार्यक्रम

- वैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम
- रोजगार संवाद मञ्च सम्बन्धी अन्तर्क्रिया कार्यक्रमः मिति २०८२ वैशाख २६
- श्रमको सम्मान राष्ट्रको अभियानः प्रत्येक वडाका विभिन्न टोलमा
- कार्यस्थलमा आधारित सिप तथा क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम
- आन्तरिक रोजगारी प्रवर्धन तथा रोजगार रणनीति अध्यावधिकका लागि जिल्लाका रोजगार संयोजक र स्थानीय कार्यपालिकासँग अनुभव आदानप्रदान र अन्तर्क्रिया कार्यक्रमः मिति २०८२ जेठ १

## ७. शाखा अन्तर्गतका कर्मचारीको विवरण

| क्र.स | नाम,थर | पद | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | केशब राज क्षेत्री | रोजगार संयोजक | ९८५७६६०६६० | kckeshav00@gmail.com |
| २ | कमल आचार्य | प्राविधिक सहायक | ९८५११५७११३ | acharyakamal2047@gmail.com |
| ३ | रचना काला | रोजगार सहायक | ९८६६०५३३५४ | rachanakala611@gmail.com |

## ८.उद्देश्य

- उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरूमा वृद्धि गर्ने,
- दक्ष, सिपयुक्त, क्षमतावान् र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,
- सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउने
- आप्रवासीहरूको सामाजिक एवम् आर्थिक रूपमा पुनःएकीकरण गर्ने
- रोजगारमैत्री लगानीमा प्रोत्साहन गर्ने,
- सिपको स्थानान्तरण,
- सहकारी, सरकारी तथा गैरसरकारी संघ संस्था सँग समन्वय गरी पुँजी निर्माण र आयआर्जनमा प्रेरित गराउने,
- बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउनका लागि सामुदायिक योजनाहरू सञ्चालन गर्ने,
- समान ज्यालाको सही कार्यान्वयन गर्ने
- श्रम स्वीकति र वैदेशिक रोजगार बोर्ड सम्बन्धी सहजीकरण गर्ने ।

## ९.सम्पन्न भएका क्रियाकलाप तथा योजनाहरू

यस गाउँपालिकाको रोजगार सेवा केन्द्रले आ.व. २०८१-०८२ मा तपसिल बमोजिमका क्रियाकलापहरू सम्पन्न गरेको छ ।

- सूचीकृत बेरोजगार व्यक्तिहरूको विवरण ५३२ रहेको
- बेरोजगार व्यक्तिहरूको प्राथमिकीकरण गरी वेबसाइटमा प्रकाशन गरिएको,
- प्राविधिकसँग समन्वय र सहकार्य गरी योजनाहरूको लागतमा आधारित रही गर्नुपर्ने कामहरूको विस्तृत विवरणसहितको डिजाइन इष्टिमेट गरी काम गरिएको,
- प्रत्येक वडामा सूचीकृत बेरोजगारहरूलाई अभिमुखीकरण गरी रोजगार उपभोक्ता समितिको गठन सङ्गै कामको गरिएको
- ८ वटा योजनाको सत प्रतिशत काम सम्पन्न र भुक्तानी समेत गरिएको,
- ७१ जनाले एक सय दिन बराबरको काम पाएका, साझेदारी रकमबाट थप ४ जनालाई २०० दिन रोजगार प्रदान, सिप विकास तथा क्षमता विकास तालिमबाट ४० जना लाभान्वित
- वैदेशिक रोजगारमा जाने ५२ जना ( कतार, मलेसिया, दुवइ, र साउदी,जापान,रोमनिया, कुवेत, दक्षिण अफ्रिका लगायत ) को श्रम स्वीकृतिमा सहजीकरण गरिएको,
- वैदेशिक रोजगार बोर्ड सम्बन्धी विदेशमा मृत्यु भएका व्यक्तिको घरपरिवालाई आर्थिक सहायतामा सहजीकरण गरिएको,
- वैदेशिक रोजगारबाट बिरामी परेर फर्किएका व्यक्तिलाई १ लाख ७५ हजार आर्थिक सहायताका लागि सहजीकरण गरिएको,
- वैदेशिक रोजगार बोर्डमा पारिवारिक स्वास्थ्य उपचारको लागि २ जना बिरामीलाई ७५ हजार आर्थिक सहायतामा सहजीकरण
- श्रम स्वीकृति गरी वैदेशिक रोजगार गएका र श्रम स्वीकृति अवधिमा मृत्यु भएकाहरूको २ घरपरिवारलाई ७/७ लाख रकममा सहजीकरण
- आ.व २०८२-०८३ का लागि बेरोजगारको आवेदन सम्बन्धी सूचना प्रसारण र प्रत्येक वडाबाट निवेदन सङ्कलन, आगामी आ.व.का लागि नीति पेस गर्नुका साथै आयोजना विवरण सङ्कलन,
- रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालन,रोजगार रणनीति अध्यावधिक गरी गाउँसभाबाट पारित भएको,
- टोलटोलमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिएको,
- नियमित रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण अद्यावधिक ।

### प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आयोजना सञ्चालनका लागि प्राप्त बजेटः

- प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकार अनुदानबाट प्राप्तः रू.२०७४०००।-
- युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना आइ.डि.ए.बाटः रू.२७०००००।-
- स्थानीय तहबाट साझेदारी भएको बजेटः रू.३८२५०००।–
- कुल रकमः रू.८५९९०००।-

वरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ

## १०.काम गर्नुपूर्व अभिमुखीकरण कार्यक्रम गरिएको फोटो









बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ

## संवाद मञ्च





## रोजगार रणनीति सम्बन्धी छलफल





## सिप विकास तालिमसँग सम्बन्धित













## ११. वडागत योजनाको विवरण

**१.१.योजनाको नामः** स्वास्थ्यचौकी बाटो ढलान, चित्रे खानेपानी टयाङ्की र पाइपलाइन विस्तार बरेङ गा.पा. १, धुल्लुबास्कोट

### १.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ६०४८००।- | | ६०४८००।- |
| २ | निर्माण सामग्री खरिद | | ३६००००।- | ३६००००।- |
| ३ | अन्य खर्च | | | |
| | जम्मा | ६,०४,८००/- | ३,६०,०००।- | ९,६४,८००/- |

### १.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | बाटो ढलान | घ.मि. | ९.२२ |
| २ | खानेपानी टयाङ्की | वटा | १ (२४ घ.मि.) |
| ३ | पाइपलाइन विस्तार | मि. | १६० |

### १.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ७ | २ | ९ | १ | ९०० |








**२.१.योजनाको नाम:** २ प्रतिक्षालय ,१ भवन प्लास्टर, २ शौचालय र कच्ची नाली निर्माण बरेङ गा.पा. १, धुल्लुबास्कोट

## २.२.खर्चको विवरण:


| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ५,३७,६००/- | | ५,३७,६००/- |
| २ | निर्माण सामग्री खरिद | | ३,४०,०००।- | ३,४०,०००।- |
| ३ | अन्य खर्च | | | |
| | जम्मा | ५,३७,६००।- | ३,४०,०००।- | ८,७७,६००।- |

## २.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | प्रतिक्षालय | वटा | २ |
| २ | भवन प्लाष्टर | स्वा.मि. | १७६ |
| ३ | शौचालय | वटा | २ |

## २.४.योजनामा संलग्न श्रमिकको विवरण:

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ५ | ३ | ८ | १ | ८०० |





३.१.





## ३.२.खर्चको विवरणः सुदला पक्की सिँचाइ कुलो र गुरुङधारा पदमार्ग निर्माण, बरेङ गा.पा.२,हुग्दिशिर

| क.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ६,०४,८००/- | | ६,०४,८००/- |
| २ | निर्माण सामग्री खरिद | | ३,४७,८३०।- | ३,४७,८३० |
| ३ | अन्य खर्च | | - | |
| | जम्मा | ६,०४,८००/- | ३,४७,८३०।- | ८८५४३०।- |

## ३.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | सिँचाइ कुलो | मि. | १७० |
| २ | पदमार्ग | मि. | १०५ |

## ३.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ७ | २ | ९ | २ | ९०० |









४.१.योजनाको नामः कल्भर्ट १, २ प्रतिक्षालय, डाडाथोक पदमार्ग निर्माण बरेङ गा.पा.२,हुग्दिशिर

४.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ५३७६००।- | | ५३७६००।- |
| २ | निर्माण सामग्री खरिद | | ४५६६९०।- | ४५६६९०।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ५३७६००।- | ४५६६९०।- | ९९४२९०।- |

४.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | कल्भर्ट | वटा | १ |
| २ | प्रतिक्षालय | वटा | २ |
| ३ | मोटरबाटो ढलान | मि. | २३ |
| ४ | पदमार्ग | मि. | २०० |

४.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ७ | १ | ८ | २ | ८०० |

बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ








## ५.१.योजनाको नामः साग्दी पदमार्ग, खाल्ले पक्की तथा कच्ची नाली निर्माण, बरेङ गा.पा.३ बाटाकाचौर

## ५.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ४०३२००।- | | ४०३२००।- |
| २ | निर्माण सामग्री खरिद | | १५४०००।- | १५४०००।- |
| ३ | अन्य खर्च | | | |
| | जम्मा | ४०३२००।- | १५४०००।- | ५५७२०० |

## ५.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः


| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | पदमार्ग | मि. | ७६ |
| २ | मोटरबाटो पक्की कजवे | वटा | २ |
| ३ | कच्ची नाली | मि. | ७६० |
| ४ | सिँचाइ कुलो पर्खाल | घ.मि. | ४५ |

## ५.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ४ | २ | ६ | ३ | ६०० |













६.१.योजनाको नामः खाल्लेखोला मोटरेबल कल्भर्ट, खाल्ले सामुदायिक भवन पर्खाल निर्माण बरेङ गा.पा.३ बाटाकाचौर

६.२.खर्चको विवरणः

| क.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ५,९५,६००।- | ११०२००।- | ७,०५,८००।- |
| २ | निर्माण सामग्री खरिद | - | ११,३५,८००।- | ११,३५,८००।- |
| ३ | अन्य खर्च | - | - | - |
| | जम्मा | ५,९५,६००।- | १२,४६,०००।- | १८,४१,६००।- |

६.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | मोटरेबल कल्भर्ट | स्पान (मिटर) | ५.५*५.१ |
| २ | पर्खाल | घ.मि. | ११.२ |

गाउँपालिका
कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
बागलुङ

६.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ६ | ५ | ११ | ३ | ९८६ |








**७.१.योजनाको नामः सल्यान सुखौरा मावि घेराबार,प्रतिक्षालय, पक्की पदमार्ग र मोटरबाटो नाली निर्माण, बरेङ गा.पा. ४ सल्यान**

## ७.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ७,३९,२००।- | | ७,३९,२००।- |
| २ | निर्माण सामग्री खरिद | | २,७५,०००।- | २,७५,०००।- |
| ३ | अन्य खर्च | | | |
| | जम्मा | ७,३९,२००।- | २,७५,०००।- | १०,१४,२००।- |

## ७.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | विद्यालय घेराबार-पर्खाल | घ.मि | ९.६ |
| २ | विद्यालय घेराबार-तारजाली | स्वा.मि | १५ |
| ३ | प्रतिक्षालय | वटा | १ |
| ४ | पक्की नाली | मि. | १३० |
| ५ | पदमार्ग | मि. | २४५ |

## ७.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ७ | ४ | ११ | ४ | ११०० |








८.१.योजनाको नामः हेलाक्दी, धम्पु मन्दिर, प्रतिक्षालय, शौचालय र आमा प्रतिक्षा घर निर्माण बरेङ गा.पा. ५ सुखौरा

८.२.खर्चको विवरणः

| क.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ७,३९,२००।- | | ७,३९,२००।- |
| २ | निर्माण सामग्री खरिद | | ६,५०,०००।- | ६,५०,०००।- |
| ३ | अन्य खर्च | | | |
| | जम्मा | ७,३९,२००।- | ६,५०,०००।- | १३,८९,२००।- |

८.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | मन्दिर | वटा | १ |
| २ | प्रतिक्षालय | वटा | ३ |
| ३ | आमा प्रतिक्षा घर | वटा | १ |
| ४ | शौचालय | वटा | २ |
| ५ | मोटरबाटो पक्की कजवे | वटा | १ |

८.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ४ | ७ | ११ | ५ | ११०० |








## १२. आर्थिक प्रतिवेदन

### वार्षिक खर्च विवरण

| क.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक तलब | नेपाल सरकार | ५६८००० | २१८४४५ | १७४७५६ | १७४७५६ | ४३ |
| २ | स्थानीय भत्ता | | ४८००० | ५४०० | ५४०० | ५४०० | ३१८०० |
| ३ | पोसाक | | १०००० | ० | ० | १०००० | ० |
| | | | ६२६००० | २२३८४५ | १८०१५६ | १९०१५६ | ३१८४३ |

| क.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | रोजगार सहायक तलब | आई.डि.ए | ५००००० | १७३६५० | १०४१९० | १३८९२० | ८३२४० |
| २ | स्थानीय भत्ता | | ३९००० | २८५० | २८५० | ३८०० | २९५०० |
| ३ | पोसाक | | १०००० | ० | ० | १०००० | ० |
| | | | ५४९००० | १७६५०० | १०७०४० | १५२७२० | ११२७४० |

| क.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायक तलब | आई.डि.ए | ५००००० | १७३६५० | १३८९२० | १३८९२० | ४८५१० |
| | स्थानीय भत्ता | | ३९००० | ३८०० | ३८०० | ३८०० | २७६०० |
| २ | पोसाक | | १०००० | ० | ० | १०००० | ० |
| | | | ५४९००० | १७७४५० | १४२७२० | १५२७२० | ७६११० |

| क स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | विपन्न श्रमिक ज्याला | आई.डि.ए | २७००००० | ० | ० | २६८८००० | १२००० |
| | विपन्न श्रमिक ज्याला | नेपाल सरकार | २०७४००० | ० | ७३९२०० | १३३४५९२ | २०८ |
| | आयोजना अनुगमन | आई.डि.ए | ४५००० | ० | ४३५३६ | ० | १४६४ |
| | मसलन्द खर्च | आई.डि.ए | १००००० | ० | ० | ९९९९९ | १ |
| | अभिमुखीकरण | आई.डि.ए | २५००० | ० | २५००० | ० | ० |
| ३ | अन्य विविध खर्च | आई.डि.ए | २४००० | 0 | ० | २४००० | ० |
| ४ | रणनीति अध्यावधिक-तर्जुमा | आई.डि.ए | १००००० | ० | ० | ९८४०३ | १५९७ |
| ५ | रोजगार संवाद मञ्च | आई.डि.ए | ३०००० | ० | ० | ३०००० | ० |
| ६ | श्रमको सम्मान कार्यक्रम | आई.डि.ए | १००००० | ० | ० | ९९६९७ | ३०३ |
| | कार्यस्थल सुरक्षा सामग्री | आई.डि.ए | २००००० | ० | १९९५६९ | ० | ४३१ |
| ७ | सिप विकास तालिम | आई.डि.ए | ९००००० | ० | ० | ८८०८३५ | १९१६५ |
| | | | ६२९८००० | ० | १००७३०५ | ५२५५५२६ | ३५१६९ |

| जम्मा प्राप्त | जम्मा खर्च | बाँकी |
|---|---|---|
| ८०२२००० | ७७६६१३८ | २५५८६२ |

तयार गर्ने
रोजगार संयोजक
केशबराज क्षेत्री .

रुजु गर्ने
लेखा प्रमुख
संगिता शर्मा

प्रमाणित गर्ने
नि.प्रमुख प्रशासकीय अधिकृत
सुर्य प्रसाद शर्मा

## १३. योजनाको प्रगति प्रतिवेदन

आ.व. ८१-८२ मा प्रधानमन्त्री रोजगार अन्तर्गत भएको आयोजनाको प्रगति विवरण

| क्र.स. | योजनाको नाम | वडा | योजनाको संचालनको क्षेत्र | काम पाउने | विनियोजित रकम | खर्च रकम | वडाको नाम | बजेटको स्रोत | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हेलाक्दी मन्दिर, प्रतिक्षालय, शौचालय , आमा प्रतिक्षा घर र कल्भर्ट निर्माण | ५ | सामुदायिक पूर्वाधार | ११ | ७३९२०० | ७३९२०० | सुखौरा | नेपाल सरकार | १०० | १०० |
| २ | सल्यान सुखौरा मावि घेराबार,प्रतिक्षालय, पक्की पदमार्ग र मोटरबाटो नाली निर्माण | ४ | पर्यटन | ११ | ७३९२०० | ७३९२०० | सल्यान | नेपाल सरकार | १०० | १०० |
| ३ | खाल्लेखोला मोटरेबल कल्भर्ट, खाल्ले सामुदायिक भवन पर्खाल निर्माण | ३ | सामुदायिक पूर्वाधार | ९ | ९९८८०० | ५९५६०० | बाटाकाचौर | नेपाल सरकार | १०० | १०० |
| ४ | साग्दी पक्की पदमार्ग, खाल्ले पक्की तथा कच्चीनाली निर्माण | ३ | सडक तथा सरसफाइ | ६ | | ४०३२०० | | आइडिए | १०० | १०० |
| ५ | कल्भर्ट १, २ प्रतिक्षालय, डाडाथोक पदमार्ग निर्माण | २ | पर्यटन | ८ | ११४२४०० | ५३७६०० | हुग्दिशिर | आइडिए | १०० | १०० |
| ६ | सुदला पक्की सिँचाइ कुलो र गुरुङधारा पदमार्ग निर्माण | २ | सिंचाइ तथा खानेपानी | ९ | | ६०४८०० | | आइडिए | १०० | १०० |
| ७ | २ प्रतिक्षालय, १ भवन पलाष्टर, २ शौचालय र कच्ची नाली निर्माण | १ | सामुदायिक पूर्वाधार | ८ | ११४२४०० | ५३७६०० | | आइडिए | १०० | १०० |

| क्र.स. | योजनाको नाम | वडा | योजनाको संचालनको क्षेत्र | काम पाउने | | खर्च रकम | | बजेटको स्रोत | वितीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्वास्थ्यचौकी बाटो ढलान, चित्रे खानेपानी ट्याङ्की र पाइपलाइन विस्तार | १ | सिंचाइ तथा खानेपानी | ९ | | ६०४८०० | | आइडिए | १०० | १०० |
| | | | | ७१ | ४७६२००० | ४७६२००० | | | १०० प्रतिशत | १०० |

१४. वैदेशिक रोजगार बोर्डको सेवा सम्बन्धी विवरण

| वैदेशिक रोजगार बोर्ड | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | राहत पाउने नाम | ठेगाना | विवरण | राहत | प्राप्त |
| १ | रनमाया श्रीस | बरेङ-१ | मृतक-विदेशमा-पति | ७०००००।- | प्राप्त |
| २ | राम बहादुर खत्री | बरेङ-४ | बिरामी | १७५०००।- | प्राप्त |
| ३ | प्रभास राना | बरेङ-१ | पारिवारिक उपचार | ५००००।- | प्रक्रियामा |
| ४ | भिम बहादुर थापा | बरेङ ५ | पारिवारिक उपचार | ५००००।- | प्राप्त |
| ५ | चित्र बहादुर श्रीस | बरेङ ३ | पारिवारिक उपचार | २५०००।- | प्राप्त |
| ६ | नाम बहादुर थापा | बरेङ-१ | पारिवारिक उपचार | ५००००।- | प्रक्रियामा |

१५. श्रम स्वीकृति सेवाको विवरणः

आर्थिक वर्ष २०८१-०८२ मा यस गाउँपालिकाबाट श्रम नवीकरण गरी जाने व्यक्तिहरूको संख्या

| | | | |
|---|---|---|---|
| १ | होम पुन | मलेसिया | साउन |
| २ | ठगराज पौडेल | मलेसिया | |
| ३ | विरेन्द्र छन्त्याल | साउदी | |
| ४ | लोकनाथ शर्मा | दुवइ | |
| ५ | फारस श्रीस | साउदी | |
| ६ | ओम प्रसाद कामी | दुवइ | भदौ |
| ७ | पूर्ण बहादुर काउचा | दुवइ | |
| ८ | प्रकाश थापा | दुवइ | असोज |
| ९ | चित्र बहादुर भण्डारी | कतार | |
| १० | किशोर शर्मा | जापान | कात्तिक |
| ११ | सुर्य बहादुर विक | साउदी | |
| १२ | राजु दर्जी | साउदी | |
| १३ | टिका बहादुर राना | कुबेत | |
| १४ | जग बहादुर श्रीस | साउदी | |
| १५ | गकुल क्षेत्री | कतार | मंसिर |
| १६ | सन्त बहादुर थापा | साउदी | |
| १७ | लिल बहादुर बस्नेत | कतार | |
| १८ | पहल बहादुर बस्नेत | कतार | |
| १९ | चुडामणी पौडेल | माल्दिभ्स | |

बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ

| | | | |
|---|---|---|---|
| २० | बिस्णु पौडेल | ओमन | |
| २१ | गोपाल वि.क | दुवइ | |
| २२ | इन्द्र बहादुर परियार | साउदी | |
| २३ | राज कुमार परियार | साउदी | |
| २४ | चेतन थापा | जापान | पुस |
| २५ | विशाल गलामी | क्रोसिया | |
| २६ | यम बहादुर काला | क्रोसिया | |
| २७ | बिजय पौडेल | रोमनीया | |
| २८ | लक्ष्मण क्षेत्री | मलेसिया | |
| २९ | प्रदिप पुन | जापान | |
| ३० | गोपाल थापा | दुवइ | माघ |
| ३१ | बल बहादुर बर्मा | रोमनीया | |
| ३२ | महेन्द्र वि.क | साउदी | |
| ३३ | हिमाल बहिक थापा | साउदी | |
| ३४ | असोक कुमार पुन | जापान | |
| ३५ | तिल बहादुर थापा | दुवइ | फागुन |
| ३६ | भुमिराज थापा | साउदी | |
| ३७ | लक्ष्मण पुन | दुवइ | |
| ३८ | सेर बहादुर पुन | मलेसिया | |
| ३९ | सान्त बहादुर कामी | दुवइ | चैत्र |
| ४० | यम बहादुर सुनार | मलेसिया | |
| ४१ | दान बहादुर खत्री | मलेसिया | |
| ४२ | सुरेश विक | मलेसिया | |
| ४३ | धन बहादुर सार्की | मलेसिया | |
| ४४ | अशोक आले | मलेसिया | वैशाख |
| ४५ | पूर्ण बहादुर थापा | दुवइ | |
| ४६ | राम बहादुर फौदार | रोमनीया | |
| ४७ | रमेश पौडेल | रोमनीया | |
| ४८ | मिन बहादुर भुजेल | मलेसिया | |
| ४९ | अशोक नेपाली | मलेसिया | |
| ५० | नबिन पौडेल | दुवइ | जेठ |
| ५१ | मिन बहादुर थापा | रोमनीया | |
| ५२ | विष्न बहादुर सुनार | साउदी | असार |

## १६.असल अभ्यासहरू

१. गाउँपालिकाको साझेदारीमा सामुदायिक पूर्वाधार, पर्यटन, खानेपानी सिँचाइ, सडक मर्मतका काम सम्पन्न भएको,

२. योजना सञ्चालन हुनु पूर्व श्रमिक तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया र वित्तीय साक्षरता कार्यक्रम गरिएको,

३. कमादारको आफ्नै खातामा रकम जम्मा भएको,

४. दक्ष कामदारहरूबाट अदक्ष कामदारहरूलाई सिपको स्थानान्तरण,

५. ज्यालामा समानता,

६. महिला सहभागितामा

७. रोजगार संवाद मञ्च सञ्चालन,

८. सिप विकास तालिम

९. श्रम स्वीकृतिमा सहजीकरण

१०. वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहायतामा सहजीकरण

११. टोलटोलमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिएको ।

## १७.समस्या

- रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिको परिचालन हुन नसक्नु,
- घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु,
- उद्यमशीलता एवं स्वरोजगारलाई प्रवर्धन गर्न नसक्नु,
- सिपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु,
- श्रम, सिप र उत्पादनबीच तादत्म्यता कायम हुन नसक्नु,
- उत्पादनशील रोजगारी पर्याप्त रूपमा सृजना हुन नसक्नु,
- स्थानीय रोजगारदाताहरूको पहिचान एवम् सूचीकरण नहुनु,
- श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु ।

## १८.सुझाव

- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीमा संलग्न गराउने,
- मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिकप्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिको परिचालन गर्ने
- स्थानीय रोजगारदाताहरूको पहिचान एवम् सूचीकरण गर्ने
- श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको बाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र वैचारिक आस्था वा अन्य सबै प्रकारका भेदभावलाई न्यूनीकरण गर्दै लैजाने,
- आन्तरिक रोजगारीका अवसरमा मुलुककै श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्नुपर्ने,
- अन्तरतह, अन्तरनिकाय र निजी क्षेत्रसँग साझेदारी तथा समन्वय गर्नुपर्ने ।

| तयार गर्ने | | प्रमाणित गर्ने |
|---|---|---|
| केशबराज क्षेत्री | वरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र हुग्दिशिर बागलुङ | सुर्य प्रसाद शर्मा |
| रोजगार संयोजक | | नि. प्रमुख प्रशासकीय अधिकृत |